# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०१ प्रकाशितमिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिमताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीकालागिप्रकाशनगरिएको छ।

## भाग–०१

## ताँजाकोट गाउँपालिका दलित समुदायको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन ऐन २०७९

**प्रश्तावना**ः नेपालको संविधान र संघीय कानुन बमोजिम दलित समुदायको हक अधिकार संरक्षण गर्दै निजहरुको समुदायको विकासका लागि विभेदपूर्ण सामाजिक सांस्कृतिक विभेदको अन्त्य गर्दै समावेशी सिद्धान्तका आधारमा उचित व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरि गाउँसभाबाट यो ऐन स्वीकृत गरिएको हो।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "ताँजाकोट गाउँपालिकाका दलित समुदायको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन ऐन २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "दलित " भन्नाले राष्ट्रिय दलित आयोगले दलित भनि सुचीकृत गरेका र सम्बन्धित वडाले दलित भनि सिफारिस गरि जिल्ला वा ईलाका प्रशासन कार्यालयले दलित भनि प्रमाणित गरेको समुदायका व्यक्ति सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष "भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(घ) "गाउँपालिका"भन्नाले नेपालिको संविधान बमोजिम स्थापना भएको ताँजाकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका भन्नाले" ताँजाकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "सभा"भन्नाले संविधानको धारा २२ को उपधारा १ बमोजिमको गाउँसभा सम्झनु पर्दछ।

(छ) "तोकिए वा तोकिए बमोजम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ज) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्दछ।

(झ) "जातीय भेदभाव तथा छुवाछुत" भन्नाले जातीय भेदभाव तथा छुवाछुत (कसर सजाय) ऐन २०६८ को दफा ४ बमाजिमको कार्य सम्झनु पर्दछ।

(ञ) "सार्वजनिक स्थान" भन्नाले सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजिक यातायताका साधन, मसानघाट, उद्यान-बगौचा कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्दछ र सो शब्दले सार्वजनिक रुपमा बस्तु वा सेवा विक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ।

(ट) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पुजापाठ, यज्ञ ,अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक सामाजिक वा सांस्कृतिक समारोहलाई जनाउने छ।

(ठ) "सार्वजिक पद धारण गरेका व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानुन वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ

**परिच्छेद -२**

**छुवाछुत तथा भेदभाव विरुद्धको सम्बन्धमा**

३. जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव विरुद्धको अधिधकार जातीयः(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति जात जाती समुदाय पेशा व्यवशाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत तथा भेदभावयुक्त व्यवहार गरिने छैन।

(२) कुनै बस्तु , सेवा वा सुबिधा उत्पादन वा वितरण गर्दा त्यस्तो बस्तु सेवा वा कुनै खास जात वा जातीको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोग लगाइने वा त्यस्तो बस्तु सेवा वा सुबिधा कुनै खास जातजातीको व्यक्तिलाई मात्र विक्री वितरण वा प्रदान गरिने छैन।

(३) उत्पत्तिजात, जाती वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने जात, जाती वा छुवाछुवातको आधारमा सामाजिक भेदभावलाई न्यायोतचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय भेदभावलाई कुनै पनि किसिमको प्रोत्साहन गर्न पाइने छैन।

(४) जातीय आधारमा छुवाछुत गरि वा नगरि कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।

(५) यस दफाको प्रतिकुल हुने गरि भएका सबै प्रकारका छुवाछुत तथा भेदभावलाई गम्भिर सामाजिक अपराधका रुपमा जातीय तथा अन्य छुवाछुत भेदभाव (सजाय र कसर) ऐन २०६८ बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पिडित व्यक्तिलाई कानुन बमोजिम जातीय छुवाछुत तथा अन्य छुवाछुत (सजाय र कसुर) ऐन २०६८ अनुसार क्षतिपुर्ति प्राप्त हुनेछ।यस दफाको प्रतिकूलहुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्यकार्य गम्भीर सामाजिक अपराधका रुपमा जातीय तथा अन्य छुवाछूत भेदभाव (कसूर र सजाय) ऐन २०६८ बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई बमोजिम जातीय छुवाछुत तथा अन्य छुवाछूत भेदभाव (कसूर र सजाय) ऐन २०६८ क्षतिपूर्ति पाउने छ।

## परिच्छेद–३

## दलित समुदायको अधिकार

४. **दलित समुदायको अधिकार** : (१) गाउँपालिकाका सबै निकायमादलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागीहुने अधिकार रहनेछ।

(२) सार्वजनिक सेवालगायतका रोजगारीकाअन्य क्षेत्रमादलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताकाअधिकार हुनेछ।

(३) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने अधिकार हुनेछ।

(४) दलित समुदायका परम्परागत पेशासँग सम्बन्धितआधुनिकव्यवसायमाउनीहरुलाई प्राथमिकतादिई त्यसकालागिआवश्यक सीप र स्रोत प्राप्तगर्ने अधिकार हुनेछ।

(५) भुमिहीनदलिततलाई एक पटक जमीनप्राप्तगर्ने अधिकार कार्यान्वयनगरिनेछ।

(६) आवासविहीनदलिततलाई प्राथमिकताकाआधारमाबसोबासको व्यवस्थागरिने छ।

(७) दलितभित्रपनि पहाडी दलितवादी, गन्धर्व र मधेसी दलितचमार, रैदास, हरिजन र खटिक समुदायको अधिकारलाई प्राथमिकताकाआधारमाकार्यान्वयनगरिनेछ।

(८) जातीयतथाअन्य सामाजिक छुवाछूत तथा भेदभावको कसूर र सजायको लागिन जिकको प्रहरी कार्यालयमातोकिएबमोजिमउजुर गर्न सक्ने अधिकार हुनेछ।

(९) प्रहरी कार्यालयले उजुरी दर्ता नगरेमा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा दलित समुदायका व्यक्तिले सो कुराको उजुरी ताँजाकोट गाउँपालिका कार्यपालिकामा दिनेछन।

(१०) उपदफा (९) बमोजिमको उजुरी सम्बन्धिताँजाकोट गाउँपालिकागाउँकार्यपालिकाले लेखी पठाउनेछ।

(११) ताँजाकोट गाउँपालिका गाउँकार्यपालिकाले लेखी पठाएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरी उपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ।

## परिच्छेद – ४

## शिक्षा, सीप विकास तथा रोजगारी

**५.निःशुल्कशिक्षा सम्बन्धी व्यवस्था:**

(१) दलित विध्यार्थिलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निस्शुल्क शिक्षाको व्यवस्था गरिनेछ। साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा पनि छात्रवृत्ति सहित निस्शुल्क  शिक्षाको व्यवस्था गरिनेछ।

(२) ताँजाकोट गाउँपालिकाले दलित समुदायका लागि विशेष व्यवस्था गरी थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेर गुणस्तरीय शिक्षा उपलब्ध गराउने छ।

(३) दलित छात्रवृत्ति र निस्शुल्क  शिक्षाको प्राप्तिको अनुगमन  प्रभावकारी रुपले गर्न कार्यविधिमा तोके बमोजिमको एक समिति गठन गरिनेछ।

**६. छात्रवृत्ति तथा आर्थिक सहयोग सम्बन्धि व्यवस्था:**

(१) दलित विद्यार्थीलाई दलित  प्रबर्दन शैक्षिक कोषबाट  शैक्षिक छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) दलित समुदाय भित्र पनि अति आर्थिक विपन्नता भएका विद्यार्थीहरूलाई यस गाउँपालिकाले आर्थिक सहुलियत र सहयोग प्रदान गर्न सक्नेछ।

(३) दलित विद्यार्थीहरूलाई डक्टर र ईन्जिनियर अध्यायनको लागि पहिलो प्रथामिकाता दिईनेछ।

७. **व्यवसायिक तालिम तथा स्वरोजगारः**

(१) यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका सबै दलित समुदायका व्यक्तिहरूको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यवसायिक तालिम उपलव्ध गराउनेछ।

(२) यस गाउँपालिकाले आफ्नो गाउँपालिकाक्षेत्र भित्रका विभिन्न पेशा वा व्यवसाय गर्न चाहाने दलित समुदायका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा सहुलियत दरमा ऋण तथा अनुदान उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

(३) दलित समुदायका व्यक्तिले संचालन गरेको पेशा ब्यवसाय दर्ता र संचालनको बखत लाग्ने सम्पुर्ण कर छुट गरिनेछ।

(४) गाउँपालिका क्षेत्र भित्र सञ्चालित कुनै कम्पनी, संघ संस्था वा अन्य कुनै व्यापारिक वा व्यावसायिक निकाय वा प्रतिष्ठानले दलित समुदायका व्यक्तिलाई रोजगारी अवसरमा पहिलो प्राथामिकाता दिनु पर्नेछ।

(५) दलित समुदायका पेशा व्यवसायलाई आधुनिकिकरण गर्दै उधोगमा परिणत गरिनेछ।

(६) दलित समुदायका पेशाको संरक्षण गरिनेछ।

८. **दलित समुदायका व्यक्तिलाई नियुक्त गर्नु पर्नेः**

(१) यस गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्र भित्र कुनै संघ संस्था, कम्पनी, कारखाना, शैक्षिक संस्था वा प्रतिष्ठानमा दलित समुदायका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता, अनुभव र सामावेशी सिद्धान्तका आधारमा गाउँपालिका भित्रको दलित समुदायको जनसंख्याको आधारमा नियुक्त गर्नु पर्ने गरी तोकिनेछ।

## परिच्छेद -५

## सशक्तिकरण एव सामाजिक समावेशीकरण

**९.सामाजिक सुरक्षाः**

(१) ताँजाकोट गाउँपालिकाले दलित समुदायका व्यक्तिलाई साधन श्रोतको उचित व्यवस्थापन गरी देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ।

(क)सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

(ख)आवास विहिन दलित समुदायलाई आवासको व्यवस्था गर्न,

(ग) जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

(घ) औषधि तथा आवश्यक सामग्री उपलब्ध गराउन,

(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

(च) तोकिएबमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन।

**१०. स्वास्थ्य सम्बन्धि व्यवस्था**

(१) यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पताल, नीजि अस्पताल तथा अन्य निकायद्वारा सञ्चालित अस्पताल वा स्वास्थ्य केन्द्र आदिमा भर्ना भएका अशक्त दलित समुदायका व्यक्तिलाई निस्शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ।

(४) यस नगर क्षेत्र भित्र सञ्चालित सबै अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ दलित समुदायका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

**११. समावेशी विकासः**

क. गाउँपालिकाको विकासका हरेक क्रियाकलापमा गाउँपालिका क्षेत्र भित्रका दलित समुदायका व्यक्तिहरूको सहभागिता गराइनेछ।

ख. विकासका हरेक क्रियाकलापमा योजना निर्माण देखि कार्यान्वयन र मूल्याङ्कनसम्म दलित समुदायका व्यक्तिहरूको सहभागिता गराइने छ।

ग. विकासका हरेक विधामा दलित समुदायका सवाल समावेश गरिनेछ।

घ. दलित मैत्री विकास अवधारणाको संयन्त्र निर्माण गरिनेछ।

ङ. विकासको मूल प्रभाहमा दलित समुदायको विकास कार्यक्रम समावेश गरेर लैजानु पर्नेछ।

१२. **जिविकोपार्जनः**

क. गाउँपालिकाले सम्पूर्ण गाउँपालिकामा वसोवास गर्ने दलित समुदायका व्यक्तिहरूलाई आवश्यकताको आधारमा शिक्षा, तालिम, सिपमूलक कार्यक्रम आदिमार्फत सिपको बिकास गर्नेछ।

ख. गाउँपालिकाले तालिम वा सिप प्रदान गरेका दलित समुदायका व्यक्तिहरूलाई जिविकोपार्जनका निम्ति स्वरोजगार, घरेलु तथा साना उद्योग सञ्चालन गर्न लगानीको वातावरण गरिदिनेछ।

ग. दलित समुदायका व्यक्तिहरूले व्यक्तिगत वा सामुहिक रुपमा उत्पादन गरेका विभिन्न उत्पादनको बजार व्यवस्था हुन नसकेमा सोको व्यवस्थापन गाउँपालिकाले नै गरिदनेछ।

घ. कुनै पनि दलित समुदायलाई सडकमा मागेर बस्न पाउने छैन। कुनै न कुनै उत्पादन कार्यमा लगाइने छ।

ङ. दलित समुदायका परम्परागत सीप ज्ञान र अनुभवलाई अधुनिकिरण गरिनेछ।

१३. **सहुलियत र सुविधाः**

(१) यस गाउँपालिकाले दलित समुदायका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ।

## परिच्छेद-६
## समिति तथा कोष

**१४.दलित अधिकार प्रबर्द्धन समितिः**

(१) ताँजाकोट गाउँपालिकामा दलित समुदायका व्यक्तिहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले गाउँपालिकाले यो ऐन र अन्य प्रचलित कानूनले प्रदान गरेका सेवा, सुविधा तथा अधिकारको प्रयोग गर्नका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा वा निजले तोकेको व्यक्तिको अध्यक्षतामा एक दलित अधिकार प्रवर्द्धन समिति गठन गर्नेछ।

(२) दलित अधिकार प्रवर्द्धन समितिमा देहाय बमोजिमका ब्यक्तिहरू रहने छन्।

क. गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख. गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र दलित अधिकार, दलितका विविध क्षेत्रमा ख्याति कमाएको दलित समुदायकालागि लामो समय देखि योगदान पुर्याएको दलित समुदायको मध्ये गाउँपालिका गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना व्यक्ति - उपाध्यक्ष

ग. सामाजिक विकास समिति संयोजक एक जना - सदस्य

घ. दलित अधिकार क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य अनुभव संगालेका व्यक्तिहरू मध्येबाट १ जना महिला पर्ने गरी गाउँपालिकाद्वारा मनोनित दलित समुदायका ३ जना - सदस्य

ङ. प्रमुख प्रशासासकीय अधिकृत - सदस्य

च. गाउँपालिकाले तोकेको कार्यपालिकाको सदस्यहरुबाट १ जना महिला सहित ३ जना- सदस्य

छ. सामाजिक शाखा प्रमुख - सदस्य सचिव

१५. **दलित अधिकार प्रबर्द्धन समितिको काम कर्तव्य र अधिकारः** (१) दलित अधिकार प्रवर्द्धन समिति को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

क. दलित समुदायको अधिकार संरक्षण र हित प्रवर्द्धनको लागि गाउँ गाउँ टोल टोलसम्म सचेतनामुलक कार्यक्रम गर्दै प्रचार प्रसार र पैरवी गर्ने।

ख. दलित समुदायको अधिकार संरक्षण र प्रवर्द्धनका लागि देखा परेका समस्या समाधान गर्ने।

ग. जातीय छुवाछूत तथा भेदभाव कसुर र सजाय ऐन २०६८ लाई कार्यान्वयन गर्ने गराउने।

घ. दलित विद्यार्थीको निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाएर कार्यान्वयन गर्ने गराउने ।

ङ. दलित समुदायको लागि विनियोजन बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

च. दीगो विकास कार्यक्रम र दलित समावेशीकरण गर्ने गराउने ।

छ. विकासका हरेक क्षेत्रमा दलित समावेश गरेर लैजाने ।

ज. समितिले गाउँपालिका भरीका सबै दलित समुदायका व्यक्तिहरूले पाउने अधिकार, उनिहरूले निर्वाह गर्नुपरने कर्तव्य र गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा आदिको एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने छ ।

झ. दलित समुदायकालागि समितिले शिक्षा, स्वास्थ्य, तालिम, छात्रवृत्ती पहिचान आदिमा विशेष चासोका साथ समन्वय गरेर काम गर्नेछ ।

ञ. सेवा सुविधा तथा लगानीमा दोहोरो नपारेर सबैलाई व्यवस्थापन गर्ने जिम्मा यस समितिको हुनेछ ।

ट. तोकिए बमोजिम अन्य कार्य गर्ने गराउने ।

**१६. दलित अधिकार निगरानी केन्द्र**

(१) दलित समुदायको अधिकार संरक्षण, प्रवर्दन गर्न दलित समुदायको समग्रह विकास गर्न र जातीय तथा अन्य छुवाछूत र भेदभावको कसूर र सजायको व्यवस्थापन गर्न एक इकाईको रुपमा दलित अधिकार निगरानी केन्द्र रहनेछ ।

(२) दलित निगरानी केन्द्रमा एक नायब सुब्बा र एक सहायक कर्मचारीको व्यवस्था गरिनेछ ।

**१७. दलित अधिकार संरक्षण र प्रवर्द्धन कोष**

(१) दलित समुदायको अधिकारको संरक्षण र प्रवर्द्धन साथै अन्य सेवा तथा सुविधा प्रदान गर्नका लागि गाउँपालिकाले एक दलित अधिकार संरक्षण र प्रबर्द्धन कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशीव्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य विभिन्न स्रोतबाट प्राप्त हुने रकम ।

(च) गाउँपालिकाको आन्तरिक श्रोतबाट संकलन भएको रकम मध्येबाट कार्यपालिकाको निर्णयबाट बिनियोजित रकम

(छ) दलित अधिकार संरक्षण र प्रवर्दन कोषमा संघीय र प्रदेश सरकारबाट यस पालिकालाई प्राप्त कार्यक्रम र बजेट समेत कोषमा राखिनेछ र कोषको परिचालन दलित समावेशि विकास अवधारणामा गरिनेछ।

(३) दलित अधिकार संरक्षण र प्रवर्दनकोषका लागी गाउँसभाले निश्चित रकम निर्धारण गरि कोषमा संकलन गर्नेछ।

(४) दलित अधिकार संरक्षण र प्रबर्द्धन कोषको बैंक खाता सञ्चालन प्रमुख प्रसाशकिय अधिकृत र लेखा अधिकृतको हस्ताक्षरमा बैंक खाता संचालन गरिनेछ।

(५) दलित समुदायको अधिकार संरक्षण र प्रवर्दन कोषको परिचालन निर्देशिका र कार्यविधिले तोके बमोजिम हुनेछ।

(६) संविधान संघीय कानूनसंग बाझिएको हकसम्म संघीय कानून अनुरुप हुनेछ।

## परिच्छेद-७
## विविध

१८. **ऐन संशोधनः** यस ऐनको आवश्यक संशोधन तथा थपघट गाउँसभाले गर्न सक्नेछ।

१९. **नियमबनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि ताँजाकोट गाउँपालिकाले आवश्यक नियमनिर्देशिका र कार्यविधि आदि बनाउन र लागू गर्न सक्नेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत